# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## १ नं. प्रदेश, नेपाल

**भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास समस्या समाधान कार्यक्रम र विशेष परियोजना निरिक्षणको लागि सेवा करारमा कर्मचारी भर्ना सम्बन्धि सूचना**

**प्रकाशित मितिः२०७७।०९।२४**

यस कार्यालयको स्वीकृत कार्यक्रम अनुसार भूमिहिन सुकुम्वासी तथा अव्यवस्थित बसोबास समस्या समाधान कार्यक्रम र नगरपालिकाको विशेष परियोजना निरिक्षणको लागि तपशिलको पदहरुमा सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुबाट दरखास्त दिन यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम यस कार्यालयको वेभसाईट www.belbarimun.gov.np बाट डाउनलोड गरी वा बेलबारी नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिनेछ । म्याद नाघी प्राप्त हुन आएका र रित नपुगेका दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपशिल**

| विज्ञापन नं. | पद/ तह | सेवा/समुह | माग संख्या | परिक्षा दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १४/२०७७/०७८ | ईन्जिनियर/अधिकृत छैठौ | ईन्जिनियरिङ्ग/सिभल/ विल्डङ्ग एण्ड आर्किटेक्ट | १(एक) | १०००।- | न.पा.को विशेष परियोजना निरक्षण |
| १५/२०७७/०७८ | कार्यक्रम संयोजक/अधिकृत छैठौ | प्रशासन | १(एक) | १०००।- | भू.सु. तथा अ. बसोबास समस्या समाधान कार्यक्रम |
| १६/२०७७/०७८ | सर्वेक्षक/सहायक पाचौ | ईन्जिनियरिङ्ग/सर्भे | २(दुई) | ५००।- | " |
| १७/२०७७/०७८ | अमिन/सहायक चौथो | ईन्जिनियरिङ्ग/सर्भे | ३(तीन) | ३००।- | " |
| १८/२०७७/०७८ | तथ्याङ्क संकलक/ सहायक चौथो | तथ्याङ्क सेवा | ७(सात) | ३००।- | " |
| १९/२०७७/०७८ | लगत प्रविष्टिकर्ता/ सहायक चौथो | प्राविधिक | ३(तीन) | ३००।- | " |
| २०/२०७७/०७८ | सामाजिक परिचालक/ सहायक चौथो | प्रशासन | ३(तीन) | ३००।- | " |
| २१/२०७७/०७८ | फिल्ड सहयोगी/ श्रेणी विहिन | विविध | ३(तीन) | २००।- | " |

**शर्तहरु**

**१. दरखास्त बुझाउने स्थानः** बेलबारी नगर कार्यपालिकाको कार्यालय, बेलबारी, मोरङ ।

**२. दरखास्त बुझाउने मितिः** २०७७।०९।२४ देखि २०७७।१०।०९ गते सम्म कार्यालय समय भित्र दरखास्त फारम बुझाउनु पर्नेछ।

**३.आवश्यक न्यूनतम योग्यताः** तोकिएका पदहरुको आवश्यक न्यूनतम योग्यता देहाय बमोजिम हुनेछ ।

| सि.नं. | पद/तह | उमेदवारको आवश्यक न्यूनतम योग्यता सम्बन्धी विवरण |
|---|---|---|
| १ | ईन्जिनियर/अधिकृत छैठौ | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट ईन्जिनियरिङ्ग वा सिभिल वा विल्डिङ्ग वा आर्किटेक्चर विषयमा बि.ई. वा सो सरह उतिर्ण भएको ।<br>• सम्बन्धित क्षेत्रको कार्य अनुभव । |
| २ | कार्यक्रम संयोजक/अधिकृत छैठौ | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा २१ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट स्नातक वा सो सरह उतिर्ण ।<br>• मान्यताप्राप्त संस्थाबाट कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिनाको आधारभूत तालीम प्राप्त गरेको ।<br>• सम्बन्धित क्षेत्रको कार्य अनुभव । |
| ३ | सर्वेक्षक/सहायक पाचौ | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष |

| | | |
|---|---|---|
| | | ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उतिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा तीन वर्षे प्रवीणता प्रमाणपत्र तह सरहको डिप्लोमा उतीर्ण वा विज्ञान फिजिकल समुह वा भूगोल विषय लिई प्रमाणपत्र तह उतिर्ण गरी कम्तीमा एक वर्षको जुनियर नापी तालीम प्राप्त गरेको ।<br>• मान्यताप्राप्त संस्थाबाट कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिनाको आधारभूत तालीम प्राप्त गरेको । |
| ४ | अमिन/सहायक चौथो | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उतिर्ण गरी सर्भे वा जियोमेटिक्स विषयमा कम्तीमा १ वर्षको तालीम प्राप्त गरेको ।<br>• मान्यताप्राप्त संस्थाबाट कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिनाको आधारभूत तालीम प्राप्त गरेको । |
| ५ | तथ्याङ्क संकलक/ सहायक चौथो | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उतिर्ण ।<br>• मान्यताप्राप्त संस्थाबाट कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिनाको आधारभूत तालीम प्राप्त गरेको । |
| ६ | लगत प्रविष्टिकर्ता/ सहायक चौथो | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उतीर्ण भएको ।<br>• मान्यताप्राप्त संस्थाबाट कम्तीमा ३ महिनाको आधारभूत कम्प्युटर तालीम प्राप्त गरेको । |
| ७ | सामाजिक परिचालक/सहायक चौथो | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष वा महिलाको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी वा सो सरह उतिर्ण गरेको,<br>• मान्यताप्राप्त संस्थाबाट कम्प्यूटर सम्बन्धी कम्तीमा ३ महिनाको आधारभूत तालीम प्राप्त गरेको । |
| ८ | फिल्ड सहयोगी/श्रेणी विहीन | • दरखास्त बुझाउने अन्तिम मिति सम्ममा १८ वर्ष उमेर पुरा भई ३५ वर्ष ननाघेका र महिला उम्मेदवारको हकमा ४० वर्ष ननाघेको ।<br>• नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा ८ कक्षा वा सो सरह उत्तिर्ण गरेको । |

**४.आवेदकले अनिवार्य रुपमा दरखास्त फारममा समावेश गर्नुपर्ने कागजातहरुः**

(क) नेपाली नागरिकताको प्रतिलिपि ।

(ख) हाल सालै खिचेको दुवै कान देखिने पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो ।

(ग) तोकिएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, चारित्रिक प्रमाणपत्रको प्रतिलिपि, सम्बन्धित क्षेत्रको कार्य अनुभव भए प्रमाणपत्रको प्रतिलिपि, कम्प्यूटर तालीमको प्रमाणपत्रको प्रतिलिपि, विदेशमा अध्ययन गरेको भए सम्बन्धित निकायबाट समकक्षता निर्धारण भएको प्रमाण (Equivalent Certificate) पत्रको प्रतिलिपि ।

(घ) बेलबारी नगरक्षेत्रभित्र स्थायी बसोबास र सम्बन्धित क्षेत्रमा कार्यअनुभव भएकालाई विशेष प्राथमिकता दिइनेछ।स्थायी बसोबास खुल्ने प्रमाण पेश गर्नु पर्नेछ ।

(ङ) परिक्षा दस्तुर तिरेको रसिद ।

(च) वि.नं. १४ र १५/२०७७/०७८ को हकमा एक तह माथिको शैक्षिक योग्यता हासिल भएकोलाई ग्राह्यता दिईनेछ ।

**५. परीक्षाको किसिमः**

**(क) प्रारम्भिक योग्यता छनौटः** उमेदवारको शैक्षिक योग्यता, सम्बन्धित क्षेत्रको कार्य अनुभव, कम्प्युटर तालीम र स्थानीय बसोबासको आधारमा मूल्याङ्कन गरिनेछ । प्रारम्भिक योग्यता छनौटको अंकभार ५० र उतिर्णाङ्क २० अंक हुनेछ ।वि.नं. २१/२०७७/०७८ को हकमा शैक्षिक योग्यताको आधारमा मात्र मूल्याङ्कन गरिनेछ ।

**(ख) प्रयोगात्मक परिक्षाः** वि.नं. १९/२०७७/०७८ पदः लगत प्रविष्टिकर्ताको हकमा प्रयोगात्मक परिक्षा २५ पूर्णाङ्क र उतिर्णाङ्क १० अंक हुनेछ ।

**(ग) अन्तरवार्ता परिक्षाः** प्रारम्भिक योग्यता छनौटमा सफल उमेदवारलाई मात्र अन्तरवार्तामा सहभागी गराईनेछ। अन्तरवार्ताको अंकभार ५० र उतिर्णाङ्क २० अंक हुनेछ । अन्तरवार्ता परिक्षामा सम्बन्धित विषयवस्तुको ज्ञान, प्रस्तुतीकरण, व्यक्तित्व र सामान्यज्ञानको आधारमा लिईनेछ । प्रारम्भिक योग्यता छनौट, प्रयोगात्मक परिक्षा र अन्तरवार्ता परिक्षामा प्राप्त अङ्कको आधारमा नतिजा प्रकाशन गरिनेछ ।

६. उमेदवारले आफुले पेश गरेको सबै प्रतिलिपि कागजातहरुमा सक्कल बमोजिम नक्कल ठिक छ भनि स्वंयले हस्ताक्षर गर्नु पर्नेछ ।

**७. सेवा सुविधा र करार अवधिः** नगरपालिकाको नियमानुसार र प्रचलित कानून बमोजिम हुनेछ ।

**८. थप जानकारीका लागिः** बेलबारी नगरपालिकाको कार्यालय, मोरङ तथा टेलिफोन नं. ०२१-५४५३४४ मा सम्पर्क राख्ने वा बेलबारी नगरपालिकाको वेभसाईट www.belbarimun.gov.np वा यस कार्यालयको सूचनापाटीमा विस्तृत रुपमा हेर्न सकिनेछ ।

**९. अन्य शर्तहरुः** परिक्षा सम्बन्धी अन्य विषयहरु पदपुर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

प्रमुख प्रशासकीय अधिकृत